स्विकृत मिति : २०७८/०२/१३

# स्वर्गद्धारी नगरपालिका

## कोभिड-१९ संकमण रोकथाम,नियन्त्रण तथा उपचार व्यवस्थापन कार्यविधि-२०७८

गत बर्षबाट विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिरहेको नोभल कोरोना भाइरस (कोभिड-१९) संक्रमणको पहिलो लहरले यस स्वर्गद्धारी नगरपालिकालाई जिल्लाकै पहिलो संकमण र पहिलो मृत्यु दिएर गएको अबस्थामा यस बर्षको चैत्र महिनाको मध्यतिरबाट फेरि पनि जिल्लाकै पहिलो मृत्यु दिदै धेरै जनतामा ब्यापक संक्रमण भइरहेको अवस्था छ ।यस्तो अबस्थामा संघिय सरकार र प्रदेस सरकारका कोभिड १९ संक्रमणको रोकथाम,नियन्त्रण तथा उपचार सम्बन्धि निति,निर्देशन र बिधिहरुको पालना गर्दै स्थानिय तहमा गतबर्ष जस्तो क्वारेन्टाइन केन्द्रहरुको स्थापना गरि संचालन गर्न नसकिएता पनि यसको रोकथाम र नियन्त्रण कालागि होम क्वरेन्टाइन र होम आइसोलेसनको प्रभावकारीरुपमा संचालन र ब्यबस्थापन गर्न बिभिन्न जनचेतनामुलक अभियान संचालन गर्न तथा गंभिर बिरामीहरुको प्रारम्भिक उपचार तथा प्रेषण ब्यबस्थापनका लागि गतबर्ष संचालनमा आएको वडा नं ४ जिमुरपाटाको २५ बेडको आइसोलेसन केन्द्रलाई पुन संचालन गर्नका लागि देहायवमोजिमको स्वर्गद्धारी नगरपालिका,**कोभिड-१९ संक्रमण रोकथाम ,नियन्त्रण तथा उपचार ब्यबस्थापन कार्यविधि-२०७८** तयार गरिएको छ ।यो कार्यबिधि नगर कार्यपालिकाको बैठकबाट पारित गरि तत्काल लागु गरिने छ ।

**क..होम क्वारेन्टाइन तथा होम आइसोलेसनमा बस्नु पर्ने ।**

१.मित्रराष्ट भारत लगायत बिदेशबाट आउनुभएका सबै नगरबासीहरु अनिबार्यरुपमा कम्तिमा १० दिन होम क्वारेन्टाइनमा बस्नुपर्ने छ ।

२.एन्टिजिन वा आरटि पिसिआर परिक्षण पोजेटिभ प्रमाणित भएका बिरामीहरु समान्य अबस्थामा होम आइसोलेसनमा कम्तिमा १४ दिन बस्नु पर्ने छ ।स्वास्थ्य समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा संपर्क गर्नुपर्दछ ।

३.संकमित ब्यक्तिहरुको संपर्कमा आएका तथा कोरोनाका लक्षण तथा चिन्ह संग मिल्दो लक्षणहरु देखिएका ब्यक्तिहरु पनि होम क्वारेन्टाइनमा बस्नुपर्ने छ ।

४.होम क्वारेन्टाइन र होम आइसोलेसनमा अनुशासनपूर्बक बसे नबसेको निगरानी वडा सिएमसिको नेतृत्वमा **समुदाय स्तरिय टोल समितिले** गर्ने छ ।समुदाय स्तरिय टोल समितिमा स्थानिय जन प्रतिनिधि,राजनितिक दल, युवा,महिला स्वास्थ्य स्वंयसेबीका,समाजसेबी,शिक्षक,बिद्यार्थी कर्मचारी ,संचारकर्मी ,ब्यापारी आदिको सहभागिता गराइने छ ।

५.सबै नागरिकहरुले स्वास्थ्यका मापदण्डहरु अनिबार्य पालना गर्नुपर्ने छ ।

**ख.ब्यापक जनचेतना अभियान संचालन गर्ने ।**

१.जनप्रतिनिधि,स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेबिका सम्मिलित ३ सदस्ययी समुदाय स्तरिय जनचेतना जागरण टोली गठन गरि हरेक जनताको घरमा पुगि कोराना लगायतका सर्ने तथा नसर्ने रोगहरुबाट बच्ने उपायहरु बारेमा अभियान संचालन गर्ने ।

२.स्वास्थ्यप्रतिको सकारात्मक ब्यवहार परिबर्तन बारेमा केन्द्रित रहने ।

**ग.स्वर्गद्वारी कोभिड-१९ अस्थाइ अस्पताल पुन संचालन गर्ने ।**

१.यस पालिकाको वडा नं.४ जिमुरपाटामा रहेको नगरपालिकाको बहुउद्धेश्ययी सभाहलमा गत बर्ष जेठ देखि आइसोलेसन केन्द्रको रुपमा संचालन भइ असोज देखि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशनमा “स्वर्गद्वारी कोभिड-१९ अस्थायी अस्पतालको रुपमा संचालन भएकोमा हाल उक्त अस्पतालाई आबश्यक

पूर्वाधारहरु तयार गरि कोभिड-१९का शंकास्पद बिरामीहरुलाई स्वास्थ्य परिक्षण गर्न तथा जोखिममा रहेका बिरामीहरुलाई प्रेसण गर्नुपूर्व राख्न तत्काल पुन संचालन गरिने छ ।

२. अस्पताल संचालन गर्न आबश्यक भौतिक पूर्वाधार,जनशक्ति,औषधि, उपकरण,स्वास्थ्य सुरक्षा सामाग्री ,यातयात तथा सुचना प्रबिधि आदिको ब्यबस्था गर्न आबश्यकता अनुसारको टिम बनाई जिम्मेवारी दिइने छ ।

३.अस्पतालमा भर्नाभएको बिरामीले नदोहोरिने गरि एकजना कुरुवा राख्न दिइने छ ।

४.अस्पतालमा भर्ना भएका बिरामीहरुको खाना र खाजाको ब्यबस्था स्वयं ब्यक्तिले ब्यहोर्नुपर्ने छ ।

५.बिरामीलाई प्रेसण गर्नुपरेमा लाग्ने यातयात खर्च पनि स्वयं ब्यक्तिले ब्यहोर्नुपर्ने छ ।

६.अस्पतालमा खटिने मेडिकल टिम तथा अन्य कर्मचारीहरुकोलागि शतप्रतिशत जोखिम भत्ता तथा छुट्टै आवासको ब्यबस्था गरिने छ भने खाना र खाजाकोलागि प्रतिब्यक्ति प्रतिदिन रु.५०० को ब्यबस्था गरिने छ ।

७.एक पटक खटिएको टिम कम्तीमा ३ हप्ता परिचालित हुनुपर्ने छ भने परिचालित पश्चात कम्तिमा एक हप्ता आइसोलेसनमा बस्नुपर्ने छ ।

८.एम्बुलेन्स तयारी अबस्थामा राख्नुको साथै एम्बुलेन्स चालक ,नगरपालिकाको सवारी चालक तथा सफाइमा खटिने कर्मचारीलाई शतप्रतिशत भत्ताको ब्यबस्था गरिने छ ।

**घ.संस्था,बस्ती,वडा वा पालिकासिल गर्नुपर्ने अबस्था**

१.कोरोना संक्रमणले महामारीको रुपलिने अबस्था देखिएमा स्थितिको लेखाजोखा गरि जिल्ला सिसिएमसिको अनुमतिमा स्थानिय सिसिएमसि र वडा सिएमसिले कुनै संस्था ,बस्ती,वडा वा पुरै पालिकानै सिल गर्न सक्ने छ ।

२.शिल गरिएका क्षेत्रहरुको अनुगमन स्थानिय सिसिएमसी,वडा सिएमसि र समुदाय स्तरको टोल समितिले गर्ने छ ।

**च. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार अभियानमा खटिने स्वास्थ्यकर्मीहरु,अन्य कर्मचारीहरु,महिला स्वास्थ्य स्वंयसेबिकाहरु तथा अन्य स्वंयसेबकहरुको प्रोत्साहनको ब्यबस्था**

१. स्वास्थ्य संस्थामा खटिने स्वास्थ्यकर्मीहरु तथा अन्य कर्मचारीहरुको हकमा बेसिक तलब स्केलको ५० प्रतिशत भत्ताको ब्यबस्था गरिने छ भने फिल्डमा खटेको अबस्थामा यातायात खर्च बापत प्रति दिन रु ३०० को ब्यबस्था गरिने छ ।

२. महिला स्वास्थ्य स्वयंसेबिकाहरु तथा अन्य स्वयंसेबकहरुको हकमा अभियानमा खटिएको दिनको यातयात खर्च बापत रु ४०० को ब्यबस्था गरिने छ ।

३.स्वास्थ्यकर्मीहरु तथा अन्यकर्मचारीहरु कामको शिलशिलामा कोरोनाबाट संक्रमितभइ मृत्युहुन गएमा मृतकको परिवारलाई बिमा स्वरुप रु.५००००० (पाँच लाख)बराबरको रकम उपलब्ध गराइने छ ।